बकैया गाउँकार्यपालिकाको मिति २०७७।११।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. योजनाहरु संशोधन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा छैटौं गाउँसभाबाट वडागत रुपमा छुटयाईएको बजेट मध्ये केही योजना र विविध शिर्षकको रकम सम्बन्धित वडा समितिको संशोधन निर्णय तथा सिफारिशको आधारमा आगामी गाउँसभाबाट अनुमोदन हुने गरि तपशिल बमोजिमका योजनाहरु संशोधन निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा नं. | साविक योजना | संशोधित योजना |
|---|---|---|
| १ | • बागफल खानेपानी योजना रु. ३,००,०००।- | • मोरङ्गे पानी टयाङ्की निर्माण रु.३,००,०००।- |
| २ | • पुर्वटोल रंगेडाँडा फाप्लाङ सडक निर्माण रु. ३,००,०००।-<br>• विविध रु. ५,००,०००।- | • पुर्वटोल रंगेडाँडा फाप्लाङ सडक निर्माण रु. ३,९०,०००।-<br>• विविध पूर्वाधार निर्माण रु. १,७०,०००।-<br>• डिलमाथी सडक निर्माण रु. १,५०,०००।-<br>• युवा तथा खेलकुद रु. ९०,०००।- |
| | • भमरा गाउँघर क्लिनिक भवन निर्माण रु. ३,००,०००।-<br>• सरस्वती पर्यटन पार्क रु. २,००,०००।- | • भमरा गाउँघर क्लिनिक भवन निर्माण रु. ५,००,०००।- |
| | • थांकल चौर विद्युत विस्तार रु. ७,००,०००।- | • टुँडीखेल डन्डीखर्क विद्युत विस्तार रु. ७,००,०००।- |
| ३ | • खेलकुद व्यवस्थापन रु. ३,००,०००।-<br>• हात्तीसुँडे हाट बजार व्यवस्थापन रु. ७,००,०००।- | • हात्तीसुँडे खेलमैदान निर्माण रु. १०,००,०००।- |
| | • विविध व्यवस्थापन रु. ५,००,०००।- | • ओमकार शिव मन्दिर रु. १,५०,०००।-<br>• बुद्ध मन्दिर व्यवस्थापन रु. १,५०,०००।- |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | • विविध व्यवस्थापन रु. २,००,०००।- |
| ५ | • कलभट निर्माण पुल मर्मत ग्रावेलिङ्ग रु. ९,००,०००।- | • श्रीपुर राजदमार कर्मचुली सडक मर्मत रु. १,००,०००।-<br>• देउराली घुम्ति सडक रु. १,००,०००।-<br>• पावस कृषि सडक ग्रावेलिङ्ग रु. २,००,०००।-<br>• तीनतले बाईपास रोड ग्रावेलिङ्ग रु. १,००,०००।-<br>• तीनतले भडौरा सडक खण्ड ग्रावेलिङ्ग रु. ५०,०००।-<br>• खुर्सानीबारी कत्ले चितवनटोल ग्रावेलिङ्ग रु. ३००,०००।-<br>• पावस गरगरे सडक ग्रावेलिङ्ग रु. ५०,०००।- |
| | • विविध पुर्वाधार निर्माण रु. ५,००,०००।- | • बलखोल्ची शिर राजदमार घाटेपाटी निर्माण रु. ५,००,०००।- |
| | • ४ वटा विद्यालय मर्मत सुधार रु. ५,००,०००।-<br>• श्री गीतावर आधारभूत विद्यालय खानेपानी योजना रु. १,००,०००।- | • श्री कर्मप्राप्ति मा.वि. कर्मचुली फर्निचर तथा मर्मत सम्भार रु. १,५०,०००।-<br>• श्री प्रभात मा.वि. श्रीपुर कार्यालय फर्निचर तथा अन्य सामाग्री रु. २,१०,०००।-<br>• श्री गीतावर आधारभूत विद्यालय व्यवस्थापन तथा भौतिक निर्माण रु. १,९०,०००।-<br>• श्री किसान जागरुक विद्यालय विद्युत वायरिङ्ग रु. ९०,०००।- |
| ६ | • देवडाँडा प्रतिखोला सडक रु. ५,००,०००।-<br>• विविध रु. ६,००,०००।- | • देवडाँडा प्रतिखोला सडक रु. १,५०,०००।-<br>• सडक सरसफाई रु. ७,५०,०००।-<br>• विविध रु. २,००,०००।- |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| | • ठूलो सुधा खेल मैदान रु. ५,००,०००।- | • सुनौलो जनजागृति भवन निर्माण रु. ५,००,०००।- |
| ७ | • नमुना कृषि प्राङ्गारिक सहकारी संस्था रसायनिक मल खाद्य व्यवस्थापन रु. ३,००,०००।- | • नमुना कृषि प्राङ्गारिक सहकारी रसायनिक मलखाद भण्डारण योजना रु. ३,००,०००।- |
| | • चुनढुङ्गा दरबार सडक रु. २०,००,०००।- | • चुनढुङ्गा दरवार सडक रु. ५,००,०००।-<br>• दरबार विद्युत विस्तार रु. १५,००,०००।- |
| ८ | • भैपरी रु. ३,००,०००।-<br>• विविध रु. ३,००,०००।- | • विरे गाउँघर क्लिनिक रु. ५०,०००।-<br>• बस्तीपुर खेलमैदान रु. १,१५,०००।-<br>• श्री नवदिव्य प्रा.वि. खानेपानी तथा शौचालय व्यवस्थापन रु. ५०,०००।-<br>• विद्युत वडाभरी रु. ८५,०००।-<br>• साविक शिखरपुर गा.वि.स. ४ नं.वडा लुङ्वाटोल काठेपुल मर्मत योजना रु. १,००,०००।-<br>• पुरानो स्कुल,फ्यालावा घाट काठे पुल मर्मत रु. १,००,०००।-<br>• चुहारे खोला फेदीगाउँ काठेपुल मर्मत रु. ५०,०००।-<br>• विविध रु. ५०,०००।- |
| | • देउताखोला पुल रु. ४०,००,०००।- | • अखौंले बङ्दह पुल रु. ४०,००,०००।- |
| ९ | • विद्यालय व्यवस्थापन ५,००,०००।- | • कालीदेवी मा.वि. व्यवस्थापन रु. १,००,०००।-<br>• जनभावना प्रा.वि. व्यवस्थापन रु. १,००,०००।-<br>• बाघ भैरब मा.वि. घेराबारा रु. |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाँडीखोला, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | ३,००,०००।- |
| | • डाँफे महिला तथा दुग्ध सहकारी फर्निचर रु. २,५०,०००।- | • डाँफे महिला बहुउद्देश्य सहकारी संस्था व्यवस्थापन रु. १,५०,०००।-<br>• शिखरपुर दुग्ध सहकारी संस्था व्यवस्थापन १,००,०००।- |
| | • एक्लेदमार सिँचाई रु. ५,००,०००।- | • जल्कुडोल एक्लेदमार खानेपानी रु. ५,००,०००।- |
| | • विविध रु. ३,००,०००।- | • शान्ति प्रा.वि. हिलेखोला व्यवस्थापन रु. १,००,०००।-<br>• विविध रु. २,००,०००।- |
| १० | • खेलकुद मैदान निर्माण अम्बास मन्थली रु. ६,००,०००।- | • खेलकुद मैदान निर्माण अम्बास मन्थली रु. ३,००,०००।-<br>• खेलकुद मैदान निर्माण घ्याम्पे रु. ३,००,०००।- |
| ११ | • माझीखोला मोरङ्गे वेशी सडक हुँदै लाल किरण प्रा.वि. घिसिङ टोल मोटरबाटो निर्माण रु. ४,००,०००।- | • लाल किरण प्रा.वि. हुँदै घिसिङ टोल मोटरबाटो निर्माण रु. २,००,०००।-<br>• मुक्तान टोल मोटर बाटो निर्माण रु. २,००,०००।- |
| | • विविध खर्च रु. ५,५०,०००।- | • सिरुडाँडा खोप केन्द्र निर्माण रु. २,००,०००।-<br>• जनहित प्राथमिक विद्यालयको आँगनको पर्खाल मर्मतसंभार रु.५०,०००।-<br>• पिपलडाँडा विद्युत विस्तार रु. १,५०,०००।<br>• विविध रु. १,५०,०००।- |
| १२ | • डुनामिस चर्च घेराबार रु. २,००,०००।- | • डुनामिस चर्च साउण्ड सिष्टम तथा आवश्यक सामाग्री खरिद रु. २,००,०००।- |
| | • कोलखोप खोपकेन्द्र शौचालय प्लास्टर रु. ३,००,०००।- | • कोलखोप खोपकेन्द्र भवन निर्माण रु. ३,००,०००।- |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातिसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| | • सिमपानी छाप्राडाँडा चुनढुङ्गा मोटरबाटो रु. ५,००,०००।- | • धेत्रे छाप्राडाँडा कोलखोप विद्युत विस्तार रु. ५,००,०००।- |

**२. आर्थिक विकास शाखाको योजना संशोधन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा आर्थिक विकास शाखाको कृषि अन्तर्गत रहेको बालि बिमा कार्यक्रमको रु. २,००,०००।- र गाउँपालिका कार्यालय भित्र नमुना प्लास्टिक टनेल घर निर्माण कार्यक्रमका लागि रु. १,००,०००।- विनियोजन गरिएकोमा उक्त कार्यक्रम सञ्चालन गर्न नसकिने तथा उक्त बजेटलाई साना सिंचाई कार्यक्रम सञ्चालनका लागि थप गरि थप गरि जम्मा १५,००,०००।- को बजेट साना सिंचाई कार्यक्रम सञ्चालन गर्दा उपयुक्त हुने व्यहोरा आर्थिक विकास शाखाबाट सिफारिश भएकोमा सोहि बमोजिम तपशिल अनुसार निर्णय गरियो।

तपशिल

| क्र.सं. | साविक योजना | संशोधित योजना |
|---|---|---|
| १ | • साना सिंचाई कार्यक्रम रु. १२,००,०००।-<br>• बालि बिमा कार्यक्रम रु. २,००,०००।-<br>• गाउँपालिका कार्यालय भित्र नमुना प्लास्टिक टनेल घर निर्माण कार्यक्रमका लागि रु. १,००,०००।- | • साना सिंचाई कार्यक्रम रु. १५,००,०००।- |

**३. बकैया कप फुटबल खेलकुद सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया कप फुटबल प्रतियोगिताको तेस्रो संस्करण सञ्चालन गर्नका लागि बकैया गाउँपालिका खेलकुद समन्वय समितिले प्रस्ताव पेश गरेकोमा उक्त खेललाई भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**४. कोभिड १९ विरुद्धको खोप सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकारको नीति अनुसार यहि फागुन २३ गतेदेखि कोभिड १९ विरुद्धको दोस्रो चरणको खोप लगाउने अभियान सञ्चालन हुने भएको हुँदा सो अभियानलाई सफलता पुर्वक सञ्चालन गर्नका लागि यस स्थानीय सरकार मार्फत सबैलाई आव्हान गर्ने निर्णय गरियो ।

**५. लगत प्रविष्टिकर्ता नियुक्ति सम्वन्धमा:-**

प्रस्तुत विषयमा गाउँ कार्यपालिकाको मिति २०७७।०८।२१ गतेको निर्णय अनुसार भुमिको नापजाँचका कार्य सञ्चालनका लागि १ जना लगत प्रविष्टिकर्ता नियुक्ति गर्ने निर्णय गरि सोहि अनुसार करार सेवामा १ जना नियुक्ति गरिएकोमा लगत प्रविष्टिको कार्य अधिक हुने तथा १ जना लगत प्रविष्टिकर्ता मात्र सो

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

कार्यका लागि अपुग हुने भएको हुँदा सो निर्णय अनुसारको विज्ञापनमार्फत नियुक्तीको क्रममा वैकल्पिक १ नम्बरमा परेका उम्मेद्वारलाई करार सेवामा नियुक्त गर्ने निर्णय गरियो । साथै भूमि सम्बन्धि लगत संकलनमा खटिएका लगत संकलकहरुलाई दैनिक कार्यदिन रु. १००।- खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**६. घटना दर्ता शिविर सञ्चालन सम्बंन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट हाल मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिकामा राष्ट्रिय परिचयपत्र शिविर सञ्चालन गरिरहेको र निकट भविष्यमा नै यस गाउँपालिकामा पनि शिविर सञ्चालन गर्न गईरहेकोमा सो अगावै चालु आर्थिक वर्षको स्वीकृत योजना बमोजिमको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सबै वडाहरुमा सञ्चालन गर्ने निर्णय गराईयो ।

**७. विश्वशान्ति पुजापाठ कार्यक्रमको रकम भुक्तानी सम्वन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ७ स्थित कोलखहरेमा रहेको टासी छोईदेन गुम्बाद्वारा मिति २०७७।११।१३ गतेदेखि १५ गतेसम्म सोनाम ल्होसार विशेष विश्व शान्ति पुजापाठ कार्यक्रम सञ्चालन गरेकोमा सो कार्यक्रमका लागि सहयोग रकम उपलब्ध गराउनको लागि वडा कार्यालयको सिफारिश सहित माग गरेकोमा उक्त कार्यक्रमका लागि रु. ५०,०००।- (रुपैंया पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**८. बान्द्रे खोला पुल निर्माण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको भिमसेनदमार कालिदमार ठिङ्गन सडक अन्तर्गत वान्द्रे खोलामा वेलि ब्रिज निर्माणको लागि ठेक्काको तयारी भईरहेको र सो को लागि आधारको कार्य गर्नका लागि प्राविधिक लगत अनुमान गर्दा करिब २५,००,०००।- लाग्ने देखिएकोमा उक्त कार्य उपभोक्ता समिति मार्फत गराई सो को भुक्तानी भिमसेनदमार कालिदमार ठिङ्गन सडक शिर्षकबाट दिने र उक्त शिर्षकको रकम अपुग भएमा विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**९. टोटल स्टेशन खरिद सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँ कार्यपालिकाको मिति २०७७।०१।१७ गतेको बैठकको निर्णय अनुसार १ थान टोटल स्टेशन खरिद गरिएकोमा नापजाँचको कार्यलाई शिघ्र सम्पन्न गर्नका लागि थप १ थान टोटल स्टेशन आवश्यक पर्ने हुँदा सो को खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**१०. वडा नम्बर १२ कार्यालय जाने बाटो निर्माण तथा पुरानो चौकी भत्काएको रकम भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा १२ नम्बर वडा कार्यालय जाने बाटो निर्माण तथा पुरानो चौकी भत्काउने कार्य ठेक्कामा समावेश नभएको र उक्त कार्यको क्रममा भएका कार्यको मुल्यांकनको क्रममा रु. ७१,३१४।२४ लागत लागेको देखिएकोमा विविध पुर्वाधार निर्माण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नामाडी, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

११. "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ७ मा रहेको लामिछाने निर्माण सेवाले "घ" वर्गको व्यवसाय दर्ताको लागि यस गाउँपालिकामा विभिन्न कागजातहरु सहित निवेदन पेश गर्नु भएकोमा यस कार्यलयको "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धि कार्यविधिको दफा २ बमोजिम निजको व्यवसाय दर्ताको लागि योग्य देखिएकोमा दर्ताको लागि अनुमति दिने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner